आज मिति २०८१।०९।०४ गते जिल्ला सरकारी वकील कार्यालय, कालिकोटको कार्यालयमा अनुसुची १ वा अनुसुची २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायबीचमा आवश्यक्ता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ अनुसार गठित कालिकोट जिल्ला समन्वय समितिका संयोजक सहायक जिल्ला न्यायाधिवक्ता श्री लोकराज पोखरेलको संयोजकत्वमा बैठक बसी देहाय बमोजिमको प्रस्ताव माथि छलफल गरि निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति:-

| | | | |
|---|---|---|---|
| स.जि.न्या. | श्री लोकराज पोखरेल | जिल्ला सरकारी वकील कार्यालय, कालिकोट | संयोजक |
| प्र.जि.अ. | श्री नारायण प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, कालिकोट | सदस्य |
| प्र.ना.उ. | श्री टेक बहादुर रावत | जिल्ला प्रहरी कार्यालय, कालिकोट | सदस्य |
| मे.अ. | डा. डन्ड प्रसाद नेपाल | स्वास्थ्य सेवा कार्यालय, कालिकोट | सदस्य |

आमन्त्रित:-

| | | |
|---|---|---|
| प्र.अ.अ. | श्री सुन्दरमणि पोखेल | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कालिकोट |
| नि. श्रेस्तेदार | श्री हरिश्चन्द्र गौतम | कालिकोट जिल्ला अदालत |
| प्रहरी निरीक्षक | गोविन्द प्रसाद चौधरी | जिल्ला प्रहरी कार्यालय, कालिकोट |
| सुचना अधिकारी | श्री ध्रुव नाथ योगी | जिल्ला सरकारी कार्यालय, कालिकोट |
| स.क.अ | श्री संजय महतो | जिल्ला सरकारी कार्यालय, कालिकोट |

प्रस्ताव नं. १:- प्रतिकुल बकपत्र गर्ने कार्य न्यूनिकरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १ मा छलफल गर्दा सरकारवादी हुने फौजदारी मुद्दाहरुको छलफल गर्ने सरकारी साक्षीहरुले मुद्दा हेर्ने अधिकारी समक्ष गर्ने बकपत्रलाई महत्वपूर्ण प्रमाणको रुपमा ग्रहण गरिने हुँदा जाहेरवाला र घटनाविवरण कागज गर्ने मानिसहरुले अनुसन्धानको क्रममा खुलाई दिएको व्यहोरालाई समर्थन हुने तथा थप प्रमाण पुग्ने गरी मुद्दा हेर्ने निकाय समक्ष बकपत्र गर्नु पर्ने भएता पनि अधिकांश मुद्दाहरुमा प्रतिकुल हुने गरी वकपत्र गर्ने गरेको अवस्था रहेकोले सरकारवादी मुद्दाहरु असफल हुने

आज मिति २०८१।०९।०४ गते जिल्ला सरकारी वकील कार्यालय, कालिकोटको कार्यालयमा अनुसुची १ वा अनुसुची २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायबीचमा आवश्यक्ता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन मुलुकी कार्यविधि संहिता, २०७४ को दफा १९४ अनुसार गठित कालिकोट जिल्ला समन्वय समितिका संयोजक सहायक जिल्ला न्यायाधिवक्ता श्री लोकराज पोखरेलको संयोजकत्वमा बैठक बसी देहाय बमोजिमको प्रस्ताव माथि छलफल गरि निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति:-

| | | | |
|---|---|---|---|
| स.जि.न्या. | श्री लोकराज पोखरेल | जिल्ला सरकारी वकील कार्यालय, कालिकोट | संयोजक |
| प्र.जि.अ. | श्री नारायण प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, कालिकोट | सदस्य |
| प्र.ना.उ. | श्री टेक बहादुर रावत | जिल्ला प्रहरी कार्यालय, कालिकोट | सदस्य |
| मे.अ. | डा. डन्ड प्रसाद नेपाल | स्वास्थ्य सेवा कार्यालय, कालिकोट | सदस्य |

आमन्त्रित:-

| | | |
|---|---|---|
| प्र.अ.अ. | श्री सुन्दरमणि पोखेल | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कालिकोट |
| नि. श्रेस्तेदार | श्री हरिश्चन्द्र गौतम | कालिकोट जिल्ला अदालत |
| प्रहरी निरीक्षक | गोविन्द प्रसाद चौधरी | जिल्ला प्रहरी कार्यालय, कालिकोट |
| सुचना अधिकारी | श्री ध्रुव नाथ योगी | जिल्ला सरकारी कार्यालय, कालिकोट |
| स.क.अ | श्री संजय महतो | जिल्ला सरकारी कार्यालय, कालिकोट |

**प्रस्ताव नं. १:-** <u>प्रतिकुल बकपत्र गर्ने कार्य न्यूनिकरण गर्ने सम्बन्धमा</u> ।

प्रस्ताव नं. १ मा छलफल गर्दा सरकारवादी हुने फौजदारी मुद्दाहरुको छलफल गर्न सरकारी साक्षीहरुले मुद्दा हेर्ने अधिकारी समक्ष गर्ने बकपत्रलाई महत्वपूर्ण प्रमाणको रुपमा ग्रहण गरिने हुँदा जाहेरवाला र घटनाविवरण कागज गर्ने मानिसहरुले अनुसन्धानको क्रममा खुलाई दिएको व्यहोरालाई समर्थन हुने तथा थप प्रमाण पुग्ने गरी मुद्दा हेर्ने निकाय समक्ष बकपत्र गर्नु पर्ने भएता पनि अधिकांश मुद्दाहरुमा प्रतिकुल हुने गरी बकपत्र गर्ने गरेको अवस्था रहेकोले सरकारवादी मुद्दाहरु असफल हुने

क्रम बढ्दो रहेको छ । यस कामलाई न्युनिकरण गरी सरकारवादी मुद्दाहरुलाई सफलता प्राप्त गर्न निम्न कार्यहरु गर्नु पर्ने निर्णय गरियो ।

क) जाहेरी दरखास्त दर्ता गर्ने क्रममा घटना प्रकृति हेरी आवश्यक प्रमाणहरु (स्पष्ट पहिचान खुल्ने)समेत माग गरी जाहेरी दरखास्त लिने ।

ख) अनुसन्धानको क्रममा घटनाविवरण कागज गर्ने मानिसहरु बुझ्दा वारदात स्थानमा नै गएर वास्तविक घटनाको बारेमा बुझेको देखेको मानिसलाई मात्र समयमै कागज गराउने।

ग) पुर्पक्षको समयमा बिचौलिया र अन्य ब्यक्तिहरुको चलखेल बाट सरकारी साक्षीहरुले प्रतिकुल बकपत्र गर्ने हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८४ बमोजिमको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरी अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी समक्ष भएको बयान तथा लिखतहरुलाई श्रव्य दृष्य साधनहरु मार्फत अभिलेख गर्नुपर्ने ।

घ) जबरजस्ती करणी सम्बन्धी कसूरमा पीडित ब्यक्तिलाई अभियोग पत्रसाथ अदालतमा तत्काल बकपत्र गराउने कार्य गर्दै आएकोमा सो कार्यलाई निरन्तरता दिने

प्रस्ताव नं. २ <u>स्वास्थ्य परिक्षण प्रतिवेदन एवम उपचारको बील भरपाई सम्बन्धमा।</u>

प्रस्ताव नं. २ मा छलफल गर्दा अनुसन्धानको क्रममा गरिएका स्वास्थ्य परिक्षण प्रतिवेदनमा पूर्ण विवरण उल्लेख नभई प्रतिवेदन प्राप्त हुन आएको र कतिपय कसूरमा स्वास्थ्य परिक्षण प्रतिवेदनको आधारमा नै अभियोग पर्ने हुँदा अनुसन्धान र अभियोजन कार्यमा असहजता उत्पन्न हुने गर्दछ । परिक्षण प्रतिवेदनसंग सम्बन्धित फारमहरु Incomplete भएर आउने हुदाँ स्वास्थ्य परिक्षण प्रतिवेदनमा खुलाउनु पर्ने सम्पूर्ण विवरणहरु खुलाएर पठाउने व्यवस्था मिलाउने तथा घाईते, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा मृतकको शव परीक्षण प्रतिवेदन उल्लेखित व्यहोरा सबैले बुझ्ने गरी लेख्ने वा कम्प्युटर टाईप गरी पेस गर्नका साथै समभ्व भएसम्म घाईते पीडितको सरकारी अस्पतालमा उपचार वा परीक्षण गर्ने उक्त अस्पतालमा सम्भव नभएको भनी अस्पतालले रिफर गरेको वा सरकारी अस्पताल पायक नपर्ने अवस्थामा मात्र अन्यत्र उपचार गराएको परीक्षण प्रतिवेदन, बिल भरपाई समेत मिसिल सामेल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ <u>मिलापत्र गर्न सकिने प्रकृतिको मुद्दाको सम्बन्धमा।</u>

प्रस्ताव नं. ३ मा छलफल गर्दा मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ अन्तर्गतको सर्वसाधारणको ठगी, अनुचित लेनदेन, सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी सम्बन्धी आपराधिक विश्वासघात, सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी सम्बन्धी ठेक्का वा करारको काममा फरक पार्ने सम्बन्धी मुद्दा, सर्वसाधारणको सम्पत्ति हानि, नोक्सानी भएको मुलुकी अपराध संहिता, २०७४ को दफा २८५ बमोजिम आपराधिक उपद्र सम्बन्धी मुद्दा कानून बमोजिम मिलापत्र गर्न सकिने भनि महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८१/०६/०८ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निर्देशन जारी भएको हुँदा सो अनुसार गर्ने समेत गरियो,

**प्रस्ताव नं ४ <u>सरोकारवाला निकायसँग समन्वय गर्ने सम्बन्धमा</u> ।**

प्रस्ताव नं ४ मा छलफल गर्दा अपराध अनुसन्धाननै अभियोजन र न्यायिक कारवाहीको मूल आधार हो । समयको परिवर्तन सँगै आपराधिक कार्य प्रकृति वा स्वरुपमा पनि परिवर्तन आएको र कानूनमा पनि सोही बमोजिम परिमार्जन भइरहेको अवस्था रहेको छ । कमजोर अनुसन्धानले अभियोजनलाई बलियो बनाउन सम्भव नहुने भएकाले अनुसन्धान र अभियोजनलाई वस्तुनिष्ठ र प्रभावकारी बनाई फौजदारी कानूनको कार्यान्वयन मार्फत पीडितलाई समयमै न्याय प्रदान गर्नु पर्ने, संसोधित कानूनको नियमित सुसूचित गराउनु पर्ने र सोही रुपमा जनशक्ति तयार पार्न प्रशिक्षण कार्यलाई नियमित र व्यवस्थित गराउदै लैजानु पर्ने र सम्बन्धित सरोकारवालाहरुसंग प्रभावकारी समन्वय गर्ने साथै जबरजस्ती करणी मुद्दामा मिलापत्र गर्ने गराउनेलाई कानून बमोजिम कारवाही हुने हुँदा सो सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउने पर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५:- <u>अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा</u> ।**

प्रस्ताव नं. ५ मा छलफल गर्दा सरकारवादी हुने फौजदारी कसुरहरुसँग सम्बन्धित विद्यमान कानूनी प्रावधान र कानूनी प्रक्रियाका साथै समुदायको भूमिका विषयमा स्थानिय तहमा गठित न्यायिक समितिका पदाधिकारीहरुसँग यथाशिघ्र अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ <u>जाहेरी तामेलीमा राख्ने सम्बन्धमा।</u>**

प्रस्ताव नं. ६ मा छलफल गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११ मा जाहेरी दरखास्त तथा सूचनाको सम्बन्धमा सम्बन्धित व्यक्ति वा जाहेरवाला समेतलाई बुझ्दा त्यस्तो दरखास्त वा सूचना भ्रमपूर्ण झठ्ठा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा जाहेरी तामेलीमा राख्ने कानूनी व्यवस्था भएको हुँदा सो कानूनी व्यवस्था कार्यान्वयन गर्ने।

**प्रस्ताव नं. ७ <u>अभियुक्तलाई सजायमा छुट दिने सम्बन्धमा।</u>**

प्रस्ताव नं. ७ मा छलफल गर्दा कुनै कसूरको अभियूक्तले त्यस्तो कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा त्यस वापत त्यस्तो अभियूक्तलाई हुने सजायमा ५०% सम्म छुट दिन सकिने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ मा कानूनी व्यवस्था रहेको र सो कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन मिति २०८०।०१।१८ गते निर्देशिका समेत राजपत्रमा प्रकाशित समेत भएको हुँदा सो अनुसार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८ <u>अभियुक्तको वैयक्तिक विवरण तथा अन्य विवरण सम्बन्धमा।</u>**

प्रस्ताव नं. ८ मा छलफल गर्दा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा पेस भएपछि फरार प्रतिवादीको हकमा नेपाल सरकार, स्थानिय निकाय मार्फत दिने सबै किसिमका सेवा सुविधाबाट बन्चित गर्नुपर्ने

भन्ने समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६५ मा फरार रहेका व्यक्तिका सम्बन्धमा विशेष व्यवस्था रहेको हुँदा उपयुक्त विवरणहरु अनुसन्धानको क्रममा उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ९** अभियुक्तलाई हिरासतमा नराखी अनुसन्धान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ९ मा छलफल गर्दा कुनै कसूदारलाई कसूरको गम्भिरता, कसूरदारको संलग्नता, कसुरदारको स्वास्थ्य स्थिति, शारीरिक अवस्था समेतलाई विचार गर्दा हिरासतमा नराखी मुद्दाको अनुसन्धान गर्न सकिने अवस्था देखिएमा निजलाई धरौट, जमानत, तारेख वा हाजिरी जमानीमा छाडी मुद्दाको अनुसन्धान गर्न सकिने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ मा भएको कानूनी व्यवस्थालाई कार्यान्वयन गर्ने तर्फ विशेष ध्यान दिने निर्णय गरियो। साथै सोह्र वर्ष उमेर नपुगेका बालबालिकाले जघन्य कसूर, गम्भिर कसूर वा पटके रुपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन भने समेत कानूनी व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ को उपदफा (५) मा रहेको हुँदा तीन वर्षभन्दा कम सजाय हुने कसूर गरेका बालबालिकाहरुलाई निगरानी कक्षमा नराखि बाबुआमाको जिम्मा लगाई मुद्दाको थप अनुसन्धान गर्ने प्रक्रियालाई क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो।

**प्रस्ताव नं. १०** <u>कुनै कसूरमा अन्य कसूरहरु जोडिएको सम्बन्धमा।</u>

प्रस्ताव नं. १० मा छलफल गर्दा महिला र पुरुष दुवै जना नाबालक भएको र बाबु आमाको मञ्जुरी नलिई विवाह गरेको वा भागी अर्को स्थानमा गई वैवाहिक सम्बन्ध कायम गरेको जरियाबाट उठान भएको मुद्दामा कतिपय सन्दर्भमा जबरजस्ती करणी, शरीर बन्धक तथा अपहरण, एकीकृत कसूर जस्ता विषयमा समेत जाहेरी परे तापनि बाल विवाहको कसूरमा मात्र अनुसन्धान गरी अनुसन्धान प्रतिवेदन पेश गर्ने,

प्रस्ताव नं ११:- विविध

- फरार अभियूक्तलाई मुद्दाको हदम्याद भित्र पक्राउ गर्न नसकी वा एक भन्दा बढी अभियूक्त रहेको अवस्थामा कुनै अभियूक्त पक्राउ परी वा कुनै फरार रहेको अवस्थामा मुद्दा अभियोजन गर्ने गरिएकोमा अभियोजन गरिएको लगतै अदालतमा हाजिर हुन आएको देखिदाँ सो कार्य गर्न निरुत्साहित गर्न,
- बालबालिका तथा महिला संलग्न रहेका मुद्दामा निजहरुको उमेर र गोपनियताको सम्बन्धमा विशेष ध्यान दिन,
- कसूरदारको उमेर तथा पहिचान खुल्ने (हाल सालै खिचिएको रंगिन फोटो समेत) कागजातहरु एकिन गरी मिसिल सामेल गर्ने, साथै अपराध पीडितको परिचयपत्र बनाउन,
- अनिवार्यरुपमा CRS हेरी पटके कसूरदार हो वा होईन एकिन गर्ने र पटके कसूरदार भएको भए फैसलाको प्रतिलिपि समेत मिसिल सामेल गर्न,

- घटनास्थल प्रकृति मुचुल्का तयार पार्दा चारकिल्लाका अतिरिक्त Crime Scene समेत खुल्ने गरी तयार पार्ने साथै वारदातस्थलको फोटो र वारदात वरपर सि.सि.टि.भि. क्यामरा जडान गरेको भए सोको फुटेज र वारदातका समयमा प्रयोग गरिएका हतियार वा वस्तुहरु समेत पेस गर्न,
- घटना विवरण कागज गर्दा घटनाका सम्बन्धमा सुनी जाने भन्दा पनि देखि जाने साक्षीको एकै मिलान व्यहोरा भन्दा फरक फरक व्यहोराको घटना विरण कागज गर्ने तथा प्रतावादीको आर्थिक हैसियतले खुल्ने प्रमाण मिसिल संलग्न गर्न,
- कसूरको गम्भिरता हेरी कसूरदारले प्रयोग गर्ने मोबाईलको CDR निकाली विश्लेषण प्रतिवेदन सहित मिसिल सामेल गर्न,
- परिक्षण गर्नुपर्ने दशीलाई chain of custody maintain गरी तुरुन्त परीक्षणका लागि पठाउने, प्राप्त परीक्षण प्रतिवेदन शंकासपद देखिएमा क्रस चेक गराई पठाउन,
- सवारी ज्यान मुद्दामा सवारी धनी प्रमाणपत्र र सवारी चालक अनुमति पत्र सम्बन्धित कार्यालयमा बुझि एकिन गरी मात्र मिसिल सामेल गर्ने, दूर्घटना भएको सवारीको सवारी चालक वास्तविक हो वा काल्पनिक हो एकिन गर्न,
- अपराधका स्वरुप र प्रवृतिमा आएको परिवर्तनले अनुसन्धान कार्य थप चुनौतीपूर्ण रहेको हुँदा मुद्दाको अनुसन्धान कार्य गर्दा बयानमुखी, कागजमुखी अनुसन्धान कार्यमा भन्दा पनि भौतिक सवूदमुखी, वैज्ञानिक सूचना प्रविधि बस्तुनिष्ठ अनुसन्धान कार्य गर्ने तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ, अनुसन्धान गर्दै जादाँ प्रत्यक्ष प्रमाण फेला नपरेमा परिस्थितिजन्य प्रमाण संकलनतर्फ ध्यान दिन,
- अनुसन्धानबाट मुद्दा चलाउनका लागि प्राप्त आधार, कागज र प्रमाण नभएको अवस्थामा पनि मुद्दा चलाउने गरी अनुसन्धान प्रतिवेदनले निरन्तरता पाएको देखिदाँ अनुसन्धानबाट जे निष्कर्श आउछ सोही अनुसारको अनुसन्धान प्रतिवेदन दिन
- कुनै प्रतिवादी पक्राउ परेको र कुनै प्रतिवादीहरु फरार रहेको मुद्दामा फरार प्रतिवादीहरु पक्राउ पर्ने अवस्था तथा अनुसन्धानका बाँकी कार्यहरु सम्पन्न गर्ने अवस्था समेतलाई मध्येनजर राखि निर्णयार्थ मिसिल पठाउन ।
- प्रतिवादीबाट पीडित पक्षलाई विगो वा क्षतिपूर्ति भराई दिनुपर्ने अवस्थाको कसूरमा पीडितले कानून बमोजिम पाउने विगो वा क्षतिपूर्तिको हदसम्मको प्रतिवादीको बैंक खातामा रहेको रकम वा सम्पत्ति मात्र रोक्का राख्न ।